# १०

# परमेश्वरको व्यवस्था अर्थात दश अज्ञा र सुसमाचार

<u>*यस अध्यायको निम्ति पढ्नुहोस:*</u> भजन १९:७,८, प्रस्थान २३:१-९, १ यूहन्ना ५:३, रोमी ३:१९,२०, प्रस्थान २०:११,१२, व्यवस्था ५:१६।

<u>*स्मरण गर्नु पर्ने पद:*</u> "यदि परमेश्वरका आज्ञाहरू पालन गर्‍यौं भने हामीले उहाँलाई चिन्यौं भन्न सक्छौं। यदि कसैले भन्छ, 'मैले परमेश्वरलाई चिनेको छु।' तर उसले परमेश्वरले आज्ञा गर्नुभएको काम गरेन रे । तब त्यसले झुठो बोलीरहेको छ। उसले सत्य बताइरहेको छैन।" (१ यूहन्ना २:३,४ रूपान्तरित)।

<u>मूल सोच:</u> परमेश्वरको दश आज्ञाले हामी पापी हौं भनेर खुलासा गर्दछ। त्यसले हामीलाई मुक्तिदाताको आवश्यकताको महशुस गराउँदछ। त्यसकारण, परमेश्वरको दश आज्ञा र सुसमाचार अलगिन सक्दैन।

परमेश्वर र सैतानको बीचमा भइरहेको महान् मतभेदमा व्यवस्था र परमेश्वरको चरित्र मुछिएको छ। जब महान मतभेदको युद्ध समाप्त हुन्छ तब परमेश्वरको व्यवस्था र उहाँको चरित्रले सफाइ पाउनेछन्। परमेश्वरको व्यवस्था र उहाँको चरित्र न्यायोचित र सत्य रहेछन् भनेर सारा जगतले थाहा पाउनेछन्। तब सम्म अर्थात् जगतको अन्तसम्म महान् मतभेदको युद्ध जारी रहनेछ। मानव जाति भएको नाताले हामी, एक कि अर्को पक्षमा उभिनेछौं। जुन पक्षमा हामी उभिन्छौं त्यसलाई हामी स्वामी भनेर पछ्याउनेछौं। प्रख्यात गायक बब डायलनले एक फेरा गाएका थिए, "तिमीले एक दिन कसैको सेवा गर्नैं पर्नेछ। हो, त्यो की त सैतान वा प्रभु येशू। हो, तिमीले कसैको सेवा गर्नैं पर्नेछ।" ("कसैको सेवा गर्नैं पर्नेछ")।

जसले परमप्रभु परमेश्वरको सेवा गर्दछन्, तिनीहरूले प्रेमले भावविभोर भएर गर्नेछन्। किनभने ख्रीष्टद्वारा परमेश्वरले तिनीहरूलाई के गर्नुभयो सो थाहा पाएर नै उहाँको सेवा गर्नेछन्। बप्तिस्माद्वारा तिनीहरू ख्रीष्टको मृत्युमा गाडिएका थिए। त्यसले गर्दा पापको शरीरको नाश भयो भनेर तिनीहरूलाई थाहा थियो। अब तिनीहरूको पहिलाको स्वामी पापको सेवा गर्नु आवश्यक नभएको महशुस गर्नेछन्। तिनीहरूले परमेश्वर र उहाँको व्यवस्था अर्थात् दश आज्ञा स्वतन्त्र रूपमा पालन गर्न पाउनेछन्।

यस अध्यायमा हामीले व्यवस्था अर्थात् परमेश्वरका दश आज्ञाहरू र त्यसको औचित्यको बारेमा छलफल गर्नेछौं। परमेश्वरको क्षमाशील अनुग्रहको शुभसन्देशसँग व्यवस्था कसरी गाँसिएको रहेछ भनेर हामीले हेर्नेछौं। अर्थात् ख्रीष्टद्वारा परमेश्वरको अनुग्रह हामीलाई कसरी प्रदान गरियो भनेर उहाँको व्यवस्थाको आत्मज्ञानले थाहा दिनेछन्।

## १. परमेश्वरको व्यवस्था र विभिन्न नितिनियमहरू (भजन १९:७,८)

साधारणतया तोराह भन्ने हिब्रू शव्द पुरानो करारमा प्रयोग गरेको पाइन्छ। प्रायजसो तोराहको अर्थ व्यवस्था हो। नयाँ करारमा तोराहलाई ग्रीक शव्द नोमोस **nomos** (कानून वा व्यवस्था)प्रयोग गरि अनुवाद गरेको छ। तर तोराहको अर्थ "निर्देशन" वा "मार्गदर्शन, दिशावोध" हुनसक्छ। परमेश्वर र मानिसको बीचमा भएको सम्वन्धलाई खुलाएर लेखा राखेको पुस्तक धर्मशास्त्र बाइबल हो। त्यसैकारण जब बाइबलमा व्यवस्था भन्ने शव्द प्रयोग गरिन्छ तब त्यसको अर्थ परमेश्वरको जनहरूलाई उहाँले दिएका सबै नितिनिर्देशनहरू हुनआउँछन्। परमेश्वर आफै असल, भलो, धर्मी र पवित्र हुनुहुन्छ। उहाँका जनहरूलाई असल र धर्मी बनाउन उहाँले अगुवाइ गर्नुहुन्छ, तिनीहरूलाई नितिनिर्देशनहरू दिनुहुन्छ। त्यसैकारण उहाँले दिनुभएका व्यवस्थाले उहाँको भलो र धर्मी चरित्र देखाउँदछ। अर्को शव्दमा भन्ने हो भने, परमेश्वरको व्यवस्थाले उहाँको चरित्रलाई प्रतिविम्व गर्दछ।

व्यवस्था र परमेश्वरको बारेमा देहायका पदहरूले के भन्दछन्, हेर्नुहोस्: भजन १९:७,८, रोमी ७:१२ र भजन ११९:१५१, १५२,१७२?

मानिसहरूलाई प्रत्यक्ष्य रूपमा आफूलाई देखाउनुभएको छ भनेर बाइबलले सिकाउँदछ। जब मानिसहरूले पवित्र धर्मशास्त्र बाइबल अध्ययन गर्दछन् तब मानव जीवनको हितको निम्ति परमेश्वरले दिनुभएको प्रशस्त शिक्षादिक्षाहरू तिनीहरूले पाउँदछन्। मानव जीवनका विभिन्न पक्ष वा भागहरूलाई सुमधुर बनाउन ती सामग्रीहरू अत्यन्त उपयोगी भएको पाइएको छ। इसाई जीवनशैली कसरी अपनाउने, स्वस्थ जीवन कसरी बिताउने, स्वस्थ यौन भनेको के हो, शरीरको असल स्वास्थको निम्ति संतुलित खाना के हो, मानिसको आफ्नै हितको निम्ति परमेश्वरले प्रत्येक मानिसलाई काम किन दिनुभयो आदि मार्ग निर्देशनहरू बाइबलमा पाइन्छ। कतिपय ती नितिनिर्देशनहरू सबै मानिसहरूलाई लागु हुन्छ। अरूचाहिँ समय र स्थान सुहाँउदो भएको पाइएका छन्। ती सबै परमेश्वरका नितिनिर्देशन वा तोराह हुन्। त्यसकारण बाइबलमा भएको नितिनिर्देशनहरूलाई प्रयोगमा ल्याउँदा वा तिनीहरूबाट नितिको विकाश गर्दा हामी होशियार हुनुपर्दछ। कतिपय कुराहरू सबैलाई लागु हुन्छ भने कतिपय कुराहरू सबैलाई लागु हुँदैन। कतिपय नितिहरू समय सापेक्षिक भएको पाइन्छ। सेभेन्थ-डे एडभेन्टिस्ट र अरू इसाई समूहले ती नितिनिर्देशनहरूलाई केहि भागहरूमा विभाजित गर्दछन्। (१) “रितिथिति वा धार्मिक संस्कार" जसमा मुक्तिको योजना सिकाउन विभिन्न प्रतिकहरू प्रयोग गरेका थिए। परमेश्वरले यहूदीहरूलाई ती पालन गर्न निर्देशन दिनुभएको थियो। (२) नागरिक व्यवस्था (प्राचिन इस्रायल राष्ट्रमा असल नागरिक जीवन कसरी बिताउने हो भनेर दिएको सामाजिक नियम) र (३) नैतिक आदर्श नियम वा व्यवस्था जसले प्रत्येक मानिस कसरी जीउनुपर्छ भन्ने परमेश्वरको चाहना।

लैव्य व्यवस्थाको पुस्तकमा धेरै रितिथिति वा संस्कारहरू दिएकाछन्। प्रायजसो ती रितिथिति वा संस्कारहरू परमेश्वरको मन्दिरमा

गरिने सेवा प्रणालीमा प्रयोग गर्दथे। न्याय प्रणालीलाई झल्काउने नागरिक नियमहरू प्रस्थान २३:१-९मा केहि हदसम्म हामी पाउँछौं। अनि नैतिक आदर्शको व्यवस्था वा दश आज्ञाहरू, जुन की प्रायजसो सबै इसाईहरूले मान्दछन्। सबै मानिसको निम्ति ती आज्ञाहरू अहिले पनि लागु हुन्छ।

प्रस्थान २३:१-९ पढ्नुहोस्। पुरानो करारमा परमेश्वरले इस्रायलीहरूलाई दिनुभएको ती धार्मिक शिक्षादिक्षा वा नैतिक नियमबाट हामी के सिक्न सक्दछौं?

## २. आज पनि इसाई जीवनमा लागु हुने परमेश्वरको व्यवस्था वा निति (उत्पत्ति ३५:१-४)

सारा जगत संचालन गर्ने परमेश्वरको व्यवस्था दश आज्ञाहरू हुन् भनेर प्रायजसो सबै इसाईहरूले दावी गर्दछन्। अमेरिकामा स्कुल जस्तै कतिपय सार्वजनिक स्थलहरूमा दश आज्ञालाई झुन्ड्याउने इसाई अधिकारलाई चुनौति दिएका थिए। त्यसको खिलाफमा इसाईहरूले मुद्दा पनि लड्नुपरेको थियो। केहि वर्ष अघि अमेरिकाको अल्वामा राज्यको अदालतमा झुण्ड्याइ राखेको दश आज्ञाको पाटिको खिलाफमा ठूलो मुद्दा परेको थियो। त्यो मुद्दा त्यहि राज्यको न्यायधिसको विरुद्धमा गैर इसाईहरूले दायर गरेका थिए, किनभने त्यस न्यायधिसले दश आज्ञा स्मारक हटाउन अश्विकार गरेका थिए। माथिल्लो अदालतले उनलाई त्यस स्मारक हटाउन निर्देशन दिएपनि उनले त्यो स्मारक हटाएको थिएन। धेरै मानिसहरूको निम्ति दश आज्ञा अझै पनि उचित र नैतिक इसाई जीवन बिताउने परमेश्वरको आदर्श व्यवस्था हो भनेर कतिपयले मानिएका छन्।

दश आज्ञा मान्नुपर्ने असल कारणहरू छन्। प्रथमतः दश आज्ञालाई परमेश्वरले आफ्नै हातले लेखेर मोशालाई सीनैको पहाडमा दिनुभएको थियो। तर त्यो व्यवस्था न त पहिलो पल्ट दिइएको थियो, न त

**यहूदीहरूलाई मात्र, किनभने प्रायजसो दश आज्ञाको बारेमा मानिसहरूलाई जानकारी थियो भनेर उत्पत्तिको पुस्तकले देखाउँदछ।**

प्राचिन इस्रायलीहरूलाई मात्र दश आज्ञाहरू सीनै पहाडमा दिएको थिएन तर इस्रायली इतिहास सुरू हुन अघि नै ती आज्ञाको अस्तित्व यथावत थिए भनेर देहायका पदहरूले कसरी देखाउँदछन्? हेर्नुहोस्: उत्पत्ति ३५:१-४, उत्पत्ति २:३,४, उत्पत्ति ४:८-११, उत्पत्ति ३९:७-९, उत्पत्ति ४४:८ र उत्पत्ति १२:१८।

**दश आज्ञाहरू केवल यहूदीहरूको निम्ति मात्र हो, प्राचिन समयको निम्ति मात्र हो, येशूको मृत्यसपछि त्यसको औचित्य समाप्त भयो भन्ने जस्ता तर्कहरू निराधार छन्। यदि परमेश्वरका दश आज्ञाहरू केवल यहूदी जाति र तत्कालिन समयको निम्ति मात्र लागु भएको हो भनेर विश्वास गर्ने हो भने के चोर्नु, मार्नु, परस्त्री वा परपुरूष गमन गर्नु, मुर्तिपूजा वा आफूले सृजना गरेका देवताहरूलाई ढोग्नु जुनसुकै संस्कार वा समाजमा भएतापनि गलत हुन् त? फेरि पापको परिभाषा के हो भनेर व्यवस्थाद्वारा नै परिभाषित गरिन्छ भनेर बाइबलले स्पष्ट रूपमा छर्लङ्ग गरेको छ (रोमी ७:७)। त्यसकारण बाइबललाई विश्वास गर्ने जुनसुकै इसाईको निम्ति दश आज्ञाको औचित्य समाप्त भयो भन्ने तर्क अत्यन्त मूर्खता भएको पाइन्छ।**

अनन्तदेखि अनन्तसम्म परमेश्वरको व्यवस्थाको औचित्य कायम रहिरन्छ भनेर याकूब २:११ले हामीलाई कसरी आभास दिन्दछ?

परमेश्वरलाई हामीले माया गरेका छौं कि छैनौं वा उहाँका भक्त हौं कि होइनौं भनेर देखाउने आधार उहाँका आज्ञाहरू पालन गर्नु वा नगर्नुमा भर पर्छ भनेर १ यूहन्ना ५:३ले सरासर चुनौति दिंदछ। त्यसको अर्थ के हो? परमेश्वरका दश आज्ञाहरूलाई आत्मसात् गरेर हिंड्दा नै हामीले उहाँलाई प्रेम गर्दछौं भनेर किन देखाउँछ?

## ३. व्यवस्था अर्थात् दश आज्ञा र सुसमाचार (रोमी ३:१९,२०)

इसाईहरूको जीवनमा दश आज्ञाको अधिकार र शक्ति अपरिहार्य छ भनेर धेरै मानिसहरूले बुझेका छन्। तर मुक्तिको योजनामा दश आज्ञाको भूमिका के छ भन्ने कुरामा धेरै मानिस अन्यौल रहेको पाइएको छ। दश आज्ञा वा व्यवस्थालाई पालन गरेर मुक्ति पाइन्दैन भने त्यसलाई पालन गर्नुको औचित्य के छ भनेर धेरैले सोध्छन्।

अनुग्रहबाट मुक्ति पाएका विश्वासीहरूको जीवनमा दश आज्ञा वा व्यवस्थाले कस्तो भूमिका खेल्ने रहेछ भनेर देहायका केहि पदहरूले कसरी छर्लङ्ग पार्दछ? रोमी ३:१९,२०, भजन ११९:५,६ र रोमी ७:७।

हामीलाई मुक्ति दिने काम व्यवस्थाको कहिलै पनि भएको थिएन। पवित्र आत्माको अगुवाईमा पापीलाई ख्रीष्टको अनुग्रहको आवश्यकता किन छ भनेर व्यवस्थाले पहिचान गराउँछ। व्यवस्थाले कुन ठीक, असल र सत्य छ भनेर औंल्याउँछन्। तर हामी पापी भएको कारणले परमेश्वरको त्यस महान् आदर्श नितिलाई पालन गर्न सक्दैनौं, तर त्यसबाट राहत दिन मुक्तिको आवश्यकता हामीलाई छ भनेर त्यस व्यवस्थाले देखाउँदछ। सुसमाचार र अनुग्रहको आवश्यकतालाई परमेश्वरको व्यवस्था वा दश आज्ञाले औंल्याउँछ। त्यो अनुग्रह येशूद्वारा हामीलाई आउँदछ। चाहे पुरानो करारमै किन नहोस् व्यवस्थाको धर्म नै हामीलाई मुक्तिदाताको आवश्यकता भएको देखाउनु हो। तर मानिसलाई मुक्ति दिने योजना व्यवस्थाको कहिले पनि भएको थिएन।

"व्यवस्थाले मुक्ति दिन्छ कि भन्ने प्रश्न बाइबलमा सोधिने गलत प्रश्न हो। चाहे पुरानो करारमा होस् वा नयाँ करारमा होस्, त्यस प्रश्नको औचित्य छैन। दश आज्ञा पालन गरेर मुक्ति पाइन्छ भन्ने आभास बाइबलले कहिले पनि दिएको थिएन न त दिने नै छ।......

"हिब्रू १०:१-४मा सिकाइएको जन्तु जनावरको रगतले मानिसको पाप धुन सक्दैन भन्दै त्यस पुस्तकको लेखकले व्यवस्थालाई संसोधन गरेको थियो भनेर सिकाउनु पनि गलत मान्नु पर्दछ।.....यहूदी

धर्म संस्कारमा चलेका सबै बलीप्रथाहरू आउनेवाला येशूको शिद्ध बलिको प्रति, उदाहरण र नमूना थिए।"-वाल्टर सी. कैसर, *फाइभ भ्युज अन ल एण्ड गस्पल* (मिशिगनः जोन्डरभन, १९९३), पृ. ३९४, ३९५बाट रूपान्तरित।

चाहे परमेश्वरलाई विश्वास गर्नेले होस् वा नगर्नेले होस्, परमेश्वरको आज्ञाँ वा दश आज्ञालाई नमान्दा वा तोड्दा मानिसहरूले कस्ता नतिजा भोगिरहेका छन् सो तपाईँको वरिपरि हेर्नुहोस्। तपाईँको आफ्नै जीवनमा पनि परमेश्वरको आज्ञा नमान्दा कस्तो नतिजा भोग्नु भएको थियो? हामीलाई परमेश्वरको व्यवस्था वा विधिको आवश्यकता किन छ भनेर तपाईँको जवाफले कसरी आभास दिँदछ?

## ४. पवित्र विश्रामबार सब्बथ र दश आज्ञा व्यवस्था (प्रस्थान २०:११)

मानव जातिको निम्ति परमेश्वरले दिनुभएको आचार संहिता अर्थात् दश आज्ञाको औचित्य कायमै रहेको छ भनेर कतिपय इसाईहरूले मानेका छन् भनेर यस अध्यायको दोस्रो बुँदामा हामीले हेरेका थियौं। त्यहि सन्दर्भमा हामी भन्छौं यदि पाप कुनै मनगढन्ते नभएर वास्तविक तत्व हो भनेर जब हामी स्विकार्दछौं तब दश आज्ञा अर्थात् परमेश्वरको आदर्श व्यवस्थाको औचित्य छैन भनेर कसैले दावी गर्दछ भने त्यसलाई स्विकार्न कठिन हुन्छ।

तर व्यवस्थाप्रति इसाईहरूले हेर्ने निति र त्यसलाई पालन गर्ने कुरामा अचानक हिलो वा गलत ढँगले वाख्या गर्न अग्रसर भएको पनि हामीलाई थाहा छ। परमेश्वरनै सृष्टिकर्ता हुनुहुन्छ त्यसको प्रमाण सब्बथ वा सातौं दिनको विश्रामबार हो त्यसकारण त्यसलाई सृष्टिको सुरूदेखि नै पालन गर्न उहाँले दिनुभएको निर्देशन मामिलामा कतिपय इसाईहरू नै असहमत भएको पाइएको छ। अदालतको परिसरमा रहेको दश आज्ञाको स्मारक नहटाएर मुद्दाको मारमा परेको अमेरिकाको अल्वामा राज्यको न्यायधिस आफै पनि परमेश्वरको व्यवस्थालाई भङ्ग गरिरहेका थिए। किनभने त्यहि दश आज्ञाको निर्देशन अनुसार सातौं दिनमा उनले बिश्राम

गरेका थिएनन्। याकूबले भन्दछन्: "यदि तिमीले सारा व्यवस्था पालन गऱ्यौ तर एउटामा मात्र चुक्यौ भने सबै व्यवस्था भङ्ग गरेको ठहर्छ।" (याकूब २:१० रूपान्तरित)। त्यसकारण जुन न्यायधिसले दश आज्ञाको स्मारक हटाउन अश्विकार गरे उनले नै त्यस दश आज्ञाको प्रत्येक आज्ञाहरू भङ्ग गरेको ठहरिएकोले उनी पनि दोषी भएको थियो।

स्पष्ट रूपमा प्रस्थान २०:९,१० सब्बथको बारेमा वाख्या गरिएको छ। जब सब्बथ दिन सुरू हुन्छ तब सबै खालका कामहरू सबैले रोक्नुपर्छ भनेर उपरोक्त पदहरूले बताउँदछन्। सब्बथको पवित्रतालाई होशियारसाथ सुरक्षित राख्नुपर्दछ। "आराम नलिइकन दिन दिनै काम गर्दा कमजोर भएकाहरूले सब्बथमा विश्राम लिनुपर्छ भनेर ती पदहरूमा चित्रण गरिएको छैन। तर सातौं दिनको विश्रामबार पवित्र राख्दा सबैको हित हुन्छ भनेर ती पदहरूमा उल्लेख गरिएका छन्। यसप्रकार यदि सब्बथ दिन परमेश्वरको हो भनेर आत्मसात् गरेर पालन गरियो भने त्यस दिन मानिसहरूले परमेश्वरको पूर्ण आशिष पाएर रमाइलो गर्नेछन्।"-डगलस के. स्टुवार्ट, द *न्यु टेस्टामेन्ट कमेन्टरी, एक्सोडस,* ठेली २ (ब्रोडमान एण्ड होलमान पब्लिशरस्, २००६), पृ. ४६०बाट रूपान्तरित।

सब्वथले परमेश्वरले हामीलाई दिन चाहेको पूर्ण आत्मज्ञानको शङ्केत गर्दछ। देहायका पदहरूले सब्बथको कस्तो आध्यात्मिक अर्थ वा आत्मज्ञानको अर्थ दिन्छ, हेर्नुहोस्: प्रस्थान २०:११,१२, व्यवस्था ५:१५, प्रस्थान ३१:१३, इजिकियल २०:२० र हिब्रू ४:३-९? तपाईंकै आफ्नै जीवनको अनुभवमा ती पदहरूले बताएको अनुसार सब्बथको सारको स्वाद के पाउनुभएको छ?

## ५. सब्बथ र सुसमाचार (कलस्सी १:१४-१६)

यो भन्दा अघिल्लो बुँदामा प्रस्थान २०:११ र व्यवस्था ५:१५ हेरेका थियौं। सब्वथले दुई धारणाहरूलाई औंल्याएको ती पदहरूमा हामी पाउँछौं: सृष्टि र मुक्ति। बाइबलमा ती दुई धारणाहरू अत्यन्त गाँठो पारि

गाँसिएको छ। परमेश्वर हाम्रो सृष्टिकर्ता हुनुहुन्छ, र उहाँ हाम्रो मुक्तिदाता पनि हुनुहुन्छ। जब हामी आज्ञा अनुसार सब्बथमा विश्राम लिन्छौं (लूका २३:५६) तब ती दुई आध्यात्मिक सत्यहरू प्रत्येक हप्ता हामी सिक्दछौं। जसरी येशूकहाँ गालिलबाट महिलाहरू आए (लूका २३:५५) र उहाँबाट सिके त्यसरी नै हामी पनि प्रत्येक सब्बथ येशूको महिमा गरेर उहाँको बारेमा सिक्दछौं।

कलस्सी १:१४-१६ र यूहन्ना १:१-१४ पढ्नुहोस्। येशू दुवै सृष्टिकर्ता र मुक्तिदाता हुनुहुन्छ भनेर ती पदहरूले कसरी जोडेका छन्?

"परमेश्वर आफै पवित्र हुनुभएझैं उहाँको व्यवस्था अर्थात् दश आज्ञा पवित्र छन्। त्यसकारण केवल परमेश्वरसँगको बराबरीले मात्र पापको मोल तिर्न सक्दछ। व्यवस्था उलङ्घन गर्दा पतित मानिसले भोग्नु पर्ने पापको सजायँ र स्वर्गसँग पुन शान्तिको स्थापना गर्न येशूबाहेक अरू कुनै विकल्प थिएन।"-एलेन जी ह्वाइट, गडस् *अमेजिङ्ग ग्रेस,* पृ. ४२बाट रूपान्तरित। दृष्य वा अदृष्य सबै थोक (यूहन्ना १:३ रूपान्तरित) सृष्टिगर्ने परमेश्वरको बराबरीमा येशूमात्र सृष्टिकर्ता  जसले पतित मानव जातको उद्धार गर्न सक्नुहुन्थ्यो।

प्रभु येशूलाई हाम्रो सृष्टिकर्ता र मुक्तिदाता भनेर औंल्याउने क्रममा सब्बथलाई आत्मसात् गर्न सक्यौं भने त्यस दिनलाई हामीले अनुग्रहको सुसमाचारको प्रभावकारी चिन्हको रूपमा लिनसक्दछौं। जब हामी सब्बथमा विश्राम लिन्छौं त्यसले अत्यन्त महत्त्वपूर्ण सत्यलाई औंल्याउँछः हामीहरू कर्म वा काम गरेर अर्थात्  व्यवस्था पालन गरेर मुक्ति पाउँदैनौं तर हाम्रो निम्ति ख्रीष्टले के गर्नुभयो त्यसबाट मुक्ति पाउँछौं। त्यसले गर्दा येशूमा हामी विश्राम लिन सक्छौं वा पापबाट उद्धार पाएर शान्तिको सास फेर्न सक्छौं भनेर देखाउन सब्बथ एक धरोहर स्मारकको रूपमा खडा भएको हामी पाउँछौं (हिब्रू ४,३-९)।

मुक्ति भनेको जीवनको पुनजिर्णोद्धार गर्नु हो। बिग्रिएको जीवनलाई फेरि नयाँ गरि सृजनु हो। तर नव जीवन तथा पुनर्स्फुर्तिको जीवनको अनुभव मरेपछि होइन अहिले नै गर्नुपर्छ भनेर बाइबलमा जतातते फुकेको

पाउँछौं। हेर्नुहोस् उदाहरणमाः २ कोरन्थी ५:१७, गलाती ६:१५, रोमी ६ आदि)। फेरि यस संसारमा रहँदा हाम्रो जीवनको पुनर्निर्माणको वा पुनसृष्टिको प्रक्रिया स्वर्ग र नयाँ पृथ्वीसम्म जारि रहनेछ भनेर पनि बाइबलले खुलासा गरेको छ। ती आत्मज्ञान यशैया ६५:११ र प्रकाश २१:५ले स्पष्टरूपमा प्रकट गर्दछ। सृष्टि र मुक्तिको बीचमा कसरी गाँठो कसिएको छ भनेर ती पदहरूले खुलासा गर्दछन्। र ती दुवै महत्त्वपूर्ण सत्य सब्बथको आज्ञामा समावेश भएको छ, जुन की दश आज्ञामा एक हुन्।

तपाईं सब्बथको पालन गर्नुहुन्छ भनेर दावी गर्नु एक पक्ष त हो र सब्बथमा विश्राम लिन पनि तपाईं चुक्नुहुन्न होला। याद गर्नुहोस्, येशूको पालामा सदुकी र फरिसी पण्डितहरूले पनि सब्बथलाई अक्षरस पालना गरेका थिए। तर सब्बथको पूर्णता, प्रचुरता, सौन्दर्यता र त्यसबाट पाउने आत्मज्ञानको सम्पन्नता अर्को पक्ष हो। तपाईंको आफ्नै सब्बथ पालनालाई तपाईं के भन्नुहुन्छ? सब्बथमा परमेश्वरले दिनुहुने आत्मिक र शारीरिक आशिषको अझ रमाइलो गरि मनाउन तपाईंले कस्तो कदम चाल्नुपर्छ होला?

## उपसंहारः

थप जानकारीः एलेन जी ह्वाइटको देहायका सामग्रीहरू पढ्नुहोस्ः *द ग्रेट कन्त्रोभर्सी* पुस्तकको पृ. १४०-१४६मा उल्लेखित इन अ सलमन अपिल, र पृ. ४३३-४५०को गड्स ल इम्युटेवल (अर्थात अपरिवर्तनीय)।

"हामीसँग रहेका दिमाग, आत्मा, शरीर वा सम्पूर्ण जोशजाँगर परमेश्वरको अधिकारमा छ भनेर हामीले थाहा पाउनु भन्ने उहाँ चाहनुहुन्छ। सृष्टि र मुक्तिद्वारा हामी उहाँका हौं। हाम्रो सृष्टिकर्ता हुनुभएको हैशियतले हाम्रो सम्पूर्ण सेवाहरू उहाँले दावी गर्न सक्नुहुन्छ। हाम्रो मुक्तिदाता भएको हैशियतले हामीहरूको सबै मायाप्रेम र कसैसँग पनि नदाँजिने हाम्रो भक्तिभाव उहाँले दावी गर्नुहुन्छ।.....हामीहरूको

सम्पूर्ण शरीर, हामीहरूको आत्मा र जीवन उहाँकै हुन्। हामीहरूले आर्जन नगरेको भइ ती उहाँका बरदान हुन् जुन हामीले सित्तैंमा पाएका छौं। तिनीहरूलाई उचितरूपमा संचालन गर्न हामीलाई बुद्धिज्ञान र बल निरन्तररूपमा उहाँले दिइरहनुहुन्छ।"-एलेन जी ह्वाइट, गड्स् अमेजिङ्ग ग्रेस, पृ. २४५बाट रूपान्तरित।

"'सब्बथ दिनमा काम नगर्नु। यस पवित्र दिनमा तिमीले जे गर्न मनलाग्यो त्यो नगर्नुहोस्। सब्बथ आनन्द मनाउने पर्वको रूपमा मनाउनु। मेरो पवित्र दिनलाई आदर गर्नु......अनि तिमीहरूले ममा आनन्दित भएको पाउनेछौ।'" यशैया ५८:१३,१३ (रूपान्तरित)। सबैजना जसले ख्रीष्टको सृष्टि गर्ने र मुक्तिदिने शक्तिलाई ग्रहण गर्दछ त्यसको निम्ति सब्बथ अत्यन्त आनन्द र उल्लासको दिन हुनेछ। (सच्चिदानन्दको अनुभव उसले पाउनेछ-अनुवादकको मन्तव्य)। सब्बथमा ख्रीष्ट हुनुभएकोले सब्बथ पालन गर्नेहरू उहाँमा आनन्द र हर्षित हुनेछन्। सब्बथले सृष्टिको कामलाई औंल्याउँछ भने येशूले दिनुहुने मुक्तिको कडा शक्तिको पनि प्रमाणित गर्दछ। यदि सब्बथले अदनको बँगैचामा गुमाएको शान्तिको स्मरण गराउँछ भने त्यसले मुक्तिदाताद्वारा फेरि नयाँ शान्ति मिलेको बताउँछ। यस संसारको सृष्टिमा रहेको प्रत्येक जीवजीवातले हामीलाई येशूको आह्वानलाई स्मरण गराउँछ, 'हे सबै थाकेका र अत्यन्त गऱ्हौं बोझले लादिएकाहरू हो, म कहाँ आओ। म तिमीहरूलाई विश्राम दिनेछु।'" मत्ती ११:२८ रूपान्तरित।–एलेन जी ह्वाइट, द डिजायर अभ एजेज, पृ. २८९बाट रूपान्तरित।

**चिन्तनमनन:**

अ. यर्मिया ३१:३३मा परमेश्वरले यो घोषणा गर्नुहुन्छ, "त्यसबखत इस्रायलसँग यो बाचा बाँध्नेछु। तिनीहरूको दिमागमा मेरो व्यवस्था हालीदिनेछु। तिनीहरूको हृदयमा त्यसलाई कोरिदिनेछु। म तिनीहरूको परमेश्वर हुनेछु। र तिनीहरू मेरा जन हुनेछन्।'" कतिपय मानिसहरूले उपरोक्त पदलाई लिएर

भन्दछन्, "हेर, अब नयाँ करारमा परमेश्वरको व्यवस्था वा आज्ञा विशेष गरेर सब्बथलाई हटाइसक्यो" भनेर दावी गर्दछन्। त्यो दावी किन गलत छ? तर सचमुचरूपमा भन्ने हो भने त्यस पदले सब्बथ समेति समेती व्यवस्था वा दश आज्ञाको बारेमा सेभेन्थ-डे एडभेनटिस्टको दिक्षालाई कसरी समर्थन गर्दछ?

आ. सब्बथ समेत गरेर परमेश्वरको दश आज्ञालाई पालन गर्नुपर्छ भन्ने कुरामा हामी अडिग छौं। तर विधिविधानको धरापमा नपर्न हामी कसरी सचेत रहने? लेगालिजम अर्थात्, परम्परा, नितिनियमलाई पालन गरेर मुक्ति पाउँछ भन्ने संस्कारबाट हामी कसरी उम्कने?

सारांशः येशू र सैतानको बीचमा भइरहेको महान् मतभेदको संग्रामलाई मध्यनजरमा राखेर दश आज्ञालाई सोच्नुहोस्। सैतानले परमेश्वरको आज्ञालाई आक्रमण गर्ने क्रममा विशेष गरेर सब्बथको आज्ञालाई उसले किन ध्यान दिइरहेको छ? सब्बथको खिलाफमा उभिने सैतानको चातुर्यता किन प्रभावकारी भइरहेको छ?